सर्वोच्च अदालत
काठमाडौं

## सर्वोच्च अदालतमा अतिरिक्त समयमा इजलास सञ्चालन गर्ने सम्बन्धी

## प्रेस विज्ञप्ति

सर्वोच्च अदालतमा विद्यमान कार्यबोझ र उपलब्ध न्यायाधीश संख्या समेतको अवस्थाबाट मुद्दाको फर्छ्यौट संख्यालाई बृद्धि गर्नुपर्ने आवश्यकता महशुस गरी मिति २०७४ मंसिर १ गतेबाट लागू हुने गरी सर्वोच्च अदालतमा अतिरिक्त समयमा इजलास सञ्चालन गर्ने निर्णय गरिएको छ ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३ को उपनियम (१) ले "अदालतको कार्य समय आइतबारदेखि बिहीबारसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म र शुक्रबार बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुनेछ" भन्ने व्यवस्था गरेको र सोही नियमावलीको नियम ४ को उपनियम (१) ले "अदालतको कार्य समय सुरु भएको साधारणतया: आधा घण्टापछि इजलास लाग्नेछ" भन्ने व्यवस्था गरेको छ । त्यस्तै, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४ को उपनियम (३) मा "प्रधान न्यायाधीशले अदालतको कार्य समयका अतिरिक्त अन्य समयमा र अदालत बन्द रहने दिनमा समेत अदालतबाट सम्पादन हुने कुनै कार्य गर्ने गरी तोक्न सक्नेछ" भन्ने व्यवस्था रहनुका साथै सोही नियमावलीको नियम ४ को उपनियम (३) मा "अदालतको कार्य समयभन्दा अतिरिक्त समयमा र अदालत बन्द रहेको दिनमा समेत प्रधान न्यायाधीशले इजलास लाग्ने समय तोक्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ ।

उल्लिखित कानूनी व्यवस्थाको परिप्रेक्ष्य र विद्यमान मुद्दा फर्छ्यौटको स्थितिसमेतलाई दृष्टिगत गरी छिटोछरितो न्यायको सुनिश्चतताका लागि अतिरिक्त समयमा समेत इजलास सञ्चालन गर्नुपर्ने आवश्यकता महशुस भई विगत केही समयदेखि सर्वोच्च अदालतको पूर्ण बैठक तथा सरोकारवाला नियकायहरु क्रमश: महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशन र वरिष्ठ अधिवक्ताहरुसँग विभिन्न चरणमा छलफल गरी सुझाव समेत संकलन गरिएको थियो । पूर्ण बैठक एवं सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा विद्यमान कार्य समय र इजलास सञ्चालन समयमा परिवर्तन हुनुपर्ने आवश्यकता महशुस गरी सम्मानीय प्रधान न्यायाधीशज्यूबाट मिति २०७४ मंसिर १ गतेबाट लागू हुने गरी सर्वोच्च अदालतमा देहायबमोजिम कार्य समय तथा इजलास सञ्चालन समय कायम हुने

गरी मिति २०७४ कात्तिक ३० गते निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ :

१.माननीय न्यायाधीशज्यूहरु अदालत आउनुपर्ने समय बिहान ९:३० बजे तोकिएको,

२. बिहान १०:३० बजेदेखि इजलास लाग्ने समय तोकिएको,

३. नियम ४ को उपनियम (२) बमोजिम दिनको १:०० बजेदेखि २:०० बजेसम्म विश्रामको समय तोकिएको,

४. अपरान्ह नियमित कार्यालय समयपछि समेत आधा घण्टासम्म इजलासको कार्य गर्न सकिने गरी तोकिएको,

(नारायणप्रसाद पन्थी)
प्रवक्ता/सहरजिष्ट्रार

२०७४ साल कात्तिक ३० गते, बिहबिार
सर्वोच्च अदालत, काठमाण्डौ ।